# अर्जुनधारा राजपत्र

## अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

## खण्ड ६ ,शनिश्चरे ,श्रावण १ ,२०७९ साल, अतिरिक्ताङ्क १


### भाग १

### अर्जुनधारा नगरपालिका, झापाको सूचना

अर्जुनधारा नगरपालिकाको नगर सभाको नियमित एघारौं अधिवेशनबाट पारित तल लेखिए बमोजिमको अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट नीति तथा कार्यक्रम सर्वसाधारण सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

**आर्थिक वर्ष २०७९का लागि ०८०/ अर्जुनधारा नगरपालिकाको दशौं नगरसभामा पेश भएको प्रस्तावित बार्षिक बजेट,नीति तथा कार्यक्रम**

अर्जुनधारा नगरपालिकाको यस गरिमामय एघारौं नगर सभामा आर्थिक वर्ष २०७९/०८० नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई अत्यन्तै गौरवान्वित महशुस गरेकी छु ।नेपालको ईतिहासमा संविधान सभाबाट जारी नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्न संघ, प्रदेश र स्थानीय तहको गठन भई यस नगरापलिकाको ५ वर्षे पहिलो कार्यकाल सफलतापूर्वक सम्पन्न गरी दोश्रो कार्यकालको बिजयी सिन्दुर संगै हामीलाई प्राप्त यो जिम्मेवारीलाई अत्यन्तै गम्भिरताका साथ ग्रहण गर्न चाहान्छु साथै आफ्नो अमुल्य मतदान गरी यो अवसर प्रदान गर्नुहुने सम्पूर्ण अर्जुनधारावासी मतदाताहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

यस महत्वपूर्ण घडीमा सर्वप्रथम,नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमान, लोकतन्त्र, लैङ्गिक समानता र सामाजिक न्याय लगायत आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरुमा अग्र पंक्तिमा रहेर योगदान गर्नु हुने सम्पुर्ण अग्रज वीर पुर्खाहरु प्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु आन्दोलनमा घाइते तथा अपाङ्गता भई कष्ठकर जीवन बिताई रहनु हुने योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

अर्जुनधारा नगरपालिकाको समृद्धिको निम्ति आगामी ५ वर्षका लागि चालक सिटमा बस्ने जिम्मेवारी प्राप्त गर्नुहुने सम्पूर्ण निर्वाचित, सभाका पदाधिकारी तथा सदस्यसहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछु । संघीयताको कार्यान्वयनका लागि निर्वाचित यस नगरपालिकाका पहिलो नगरप्रमुख

श्री हरिकुमार राना र उपप्रमुख श्री कमला खतिवडा आचार्य को नेतृत्वको सम्पूर्ण टीम,जसले नगरपालिकालाई कुशल अविभावकत्व प्रदान गरी आजको यो अवस्थामा पुर्याएर हामीलाई हस्तान्तरण गर्नुभएकोछ,उहाँहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै आवश्यक सल्लाह सुझावहरु प्राप्त भइरहने अपेक्षा गर्दछु ।

**सभाध्यक्ष महोदय**

संघीय व्यवस्था बमोजिम गठित तीनै तहका सरकारको लक्ष्य तथा उद्देश्य सन्तुलित उत्पादन र न्यायोचित वितरण हो । सबै जाती, वर्ग, लिंङ्ग, क्षेत्र र विभिन्न अवस्थामा रहेका समुदायका नागरिकहरुको जीवनमा आर्थिक, सामाजिक र साँस्कृतिक दृष्टिकोणबाट समेत स्पष्ट लाभको अनुभूति गर्ने गरी दिगो, सकारात्मक,गुणस्तरीय र समन्यायीक गुण सहितको परिवर्तन ल्याउन आवश्यक छ । यसको प्रभावकारी कार्यान्वयनका लागि एकात्मक केन्द्रीकृत शासन प्रणालीको तुलनामा संघीय शासन प्रणालीमा नै नागरिकलाई सरकार संगको सहज पहुँच स्थापित हुने विश्वास लिएर नेपालको संविधानले संघीयता अवलम्बन गरेको छ । यस सन्दर्भमा नागरिकका यीनै सवालहरु संघ, प्रदेश र स्थानीय तहका सरकारका साझा गन्तव्य बन्नु पर्छ र बनाउनु पर्दछ । यसका लागि तीन वटै तहमा आ आफ्नो काम, कर्तव्य र अधिकारका क्षेत्रमा स्पष्टताका साथ आपसी समन्वय र सहकार्य गरी समृद्धिको यात्रामा अगाडि वढ्न सबै पक्षसंग हार्दिक अपिल गर्दै यहाँहरुसंग निरन्तर हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय**

यस गरिमामय सभामा अर्जुनधारा नगरपालिकाको पहिलो ५ वर्षे कार्यकाललाई सम्मान पुर्वक स्मरण गर्न चाहान्छु, नगरपालिकाको प्रशासनिक भवनकै अभावमा निर्वाचित तत्कालिन नेतृत्वले प्रशासनिक भवन,आवश्यक कानुन निर्माण,आर्थिक सामाजिक विकास सहित उल्लेख्य मात्रामा भौतिक पूर्वाधार निर्माण गरी यस नगरपालिकालाई समृद्धिको वाटोमा अगाडि वढाएकोछ, सिमित श्रोत साधन र समयका बावजुद उक्त अवधिमा नगरपालिकाकाबाट २२ कि.मि. सडक कालोपत्रे, २०४ कि मी सडक ग्राभल तथा स्तरउन्नत.१० कि.मि. नयाँ ,नयां ट्याक खोलिएको, १२९ वटा मोटरेवल पुल निर्माण गरिएको, ६ वटा झोलुङ्गे पुल, ५ वटा पार्क निर्माण, खानेपानी तथा ढल निर्माण अन्तर्गत ४ वटा खानेपानी आयोजना सञ्चालन र ९ किमि ढल., प्लम्ब तथा नाला निर्माण, विभिन्न स्थानमा ३२० वटा ह्यूम पाइप जडान, ५ किमी नदी नियन्त्रण., तटबन्धन, स्पर तथा चेक ड्याम, २९० हेक्टर सामाजिक सिंचाई बोरिङ्ग /, ४६ किमी विधुत विस्तार तथा पोल तार जडान., फोहोरमैला व्यवस्थापनका लागि एउटा डम्पिङ साइट, १२ वटा नयां विद्यालय भवन निर्माण, २० वटा कक्षा कोठा मर्मत, १० वटा स्वास्थ्य केन्द्र स्तरउन्नति तथा स्वास्थ्य चौकी मर्मत र भवन निर्माण, १३ वटा सामुदायिक भवन, १९८ वटा विपन्न जनता आवास तथा छाना फेर्ने कार्यक्रम सम्पन्न भएका छन् । यसै गरी वडा कार्यालयहरुको भवन निर्माण सम्पन्न भई (वडा ननिर्माणाधिन ५ .) सेवा प्रवाह सुचारु गरिएको छ ।

चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म पूर्वाधार निर्माण तर्फ १२.६ कि.मि. सडक कालोपत्रे र मर्मत, १९.२ कि.मि. सडक ग्राभल, २४ वटा पुल, कल्भर्ट, २०७ थान ह्युम पाइप जडान, ४

अर्जुनधारा राजपत्र

वटा विद्यालय भवन, १३२ वटा विद्युत पोल तार विस्तार, २३७५ मि प्लम नाला तथा ढल, ६ वटा तटबन्धन स्पर, २ वटा खानेपानी मुहान सम्पन्न भएका छन् । यस आमा सञ्चालित नगर .व. रुकसभाबाट स्वीकृत योजनाहरुो हकमा जम्मा योजना ६३९ (क्रमागत समेत) मध्ये नगरस्तरीय योजना २६, क्रमागत १४७, वडास्तरीय ४६६ वटा योजना स्वीकृत भएकोमा ३०८ वटा योजनाहरु सम्पन्न भएका छन् भने ३३१ वटा योजनाहरु अन्तिम सम्पन्न चरणमा रहेका छन्

यस अवधिमा भएका मुख्य कार्यहरुमा शनिश्चरे बजार सौन्दर्यकरण, स्थानान्तरण तथा व्यवसायिक कृषि भवन निर्माण, खुदुनावारी बजार स्तरोन्नति, सुखानी खोलामा पुल निर्माण, हलुवागढ, कैदले पर्यापर्यटन कार्यक्रम, मदन आश्रित मार्ग कालोपत्रे, वडा कार्यालय भवनहरु निर्माण, वडास्तरमा सडक कालोपत्रेको विस्तार, प्राथमिक स्वास्थ्य केन्द्रको स्तरउन्नति नयाँ शनिश्चरे अस्पतालको निर्माण कार्यको थालनी र हेल्थ पोष्टहरुको निर्माण, कृषि तथा पशुपक्षी विमा तथा पकेट कार्यक्रम सञ्चालन, राष्ट्पति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भवन निर्माण तथा गुणस्तर सुधारका लागि ICT ल्याव तथा पुस्तकालय निर्माण, प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सृर्जना, सडक बोर्ड कार्यक्रम अन्तर्गत कालोपत्रे मर्मत, निर्वाचन क्षेत्र विकास कार्यक्रम र स्थानीय पूर्वाधार विकास कार्यक्रम, तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरु उल्लेखनीय रहेका छन् ।

**सभाध्यक्ष महोदय,**

देशले लिएको राजनैतिक, आर्थिक, सामाजिक र भौतिक विकासका लक्ष्यहरुलाई पुरा गर्न नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, पन्ध्रौ आवधिक योजना, संघीय सरकारका नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, नगरपालिकाका आवश्यकताहरु तथा अर्जुनधारावासी नागरिकका इच्छा चाहानाहरुलाई समेत यस नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरेको छु ।आगामी आमा जनताले राखेको .व. अपेक्षालाई संम्बोधन हुने गरी आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद्व्यवस्थापन, संस्थागत विकास, लैगिक समानता, सामाजिक न्याय र सुशासनको सम्बन्धमा हाम्रो आवश्यकता र क्षमतालाई समेत मध्यनजर गर्दे आगामी आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम पेश गरेको छु ।

नगरपालिकालाई अझै सबल र समृद्ध बनाउन हामीसँग उपलब्ध भएको सिमित श्रोत साधनको अधिकतम् सदुपयोग गरी नयाँ जोश जाँगरका साथ समग्र विकास निर्माणमा दत्तचित्त भएर जिम्मेवारी निर्वाह गर्न सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपिल गर्दछु । साथै अर्जुनधारावासीको भावना र आवश्यकताको उच्च सम्मान गर्दै नगरपालिकालाई सुन्दर, शान्त र समृद्ध बनाउने अभियानका साथ "समृद्ध अर्जुनधारा सुखी अर्जुनधारावासी "को नारालाई आत्मसाथ गरी सोही अनुसारको दीर्घकालीन उद्देश्य राखी यस नगरपालिकाको समग्र राजनैतिक, आर्थिक सामाजिक र सांस्कृतिक विकासमा अगाडी बढाउन हामी मन, वचन र कर्मले सधै प्रतिवद्ध र कटिवद्ध बनिरहने छौं भन्नेमा एकमत छौं भन्नेकुरा सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

विगत कार्यकालको करिव आधा समय कोभिड-१९ महामारीले सिर्जना गरेको सर्वाधिक चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै सम्पुर्ण अर्जुनधारा वासीहरुको जीवन रक्षा गर्न, अत्यावश्यक औषधी उपचार, स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन, विपन्न तथा जोखिममा रहेका परिवारहरुको लागि राहत सहयोग एवं जीविकोपार्जन कार्यक्रम मार्फत रोग र भोकबाट उन्मुक्ति दिदै नगरपालिकाको समग्र विकासको प्रकृयामा सरिक हुन तत्कालिन नेतृत्व स्वास्थ्यकर्मी,प्रहरी सहित अन्य कर्मचारीहरु, उद्योगी व्यपारी तथा सर्वसाधारण नागरिकहरुको अपार सहयोग र एकतालाई सम्मान गर्दै आगामी दिनमा पनि सोही अनुसारको सहयोग प्राप्त हुने अपेक्षा सहित म यस अर्जुनधारा नगरपालिकाको आ२०७९.ब./०८० को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आ/२०७९ व.०८० को बजेट नीति तथा कार्यक्रमको प्राथमिकता प्राप्त क्षेत्रहरु**

१. नगर योजना आयोग निर्माण र परिचालन
२. नगर उच्च स्तरीय सल्लाहकार समिति गठन र परिचालन
३. web based digital profile र आवधिक योजना तयारी
४. घर विहिन विपन्न परिवारलाई आवासको व्यवस्था
५. भूमिहीन सुकुम्वासीहरुलाई लालपुर्जा वितरण
६. श्रमिक उद्यमशिलता कोष स्थापना र परिचालन
७. उत्कृष्ट किसान तथा मजदुर सम्मान र प्रविधि हस्तान्तरण
८. पर्यटन पूर्वाधार तथा संस्कृति प्रवर्द्धन
९. सर्वसुलभ रुपमा स्वास्थ्य विमा कार्यक्रम
१०. जनताको जीवन स्तर आम्दानी र रोजगारीमा अभिवृद्धि
११. रोजगारी सृजनाका लागि लगानी साझेदारी कानुन निर्माण र लगानी सम्मेलन
१२. नगर गौरवका योजनाहरुको DPR सहित योजना बैक निर्माण
१३. जनसहभागितमा तटवन्ध वृक्षारोपण तथा वायो इन्जिनियरीङ ।
१४. युवा स्वरोजगार र उद्यमशिलता विकास ।
१५. स्वास्थ्य सेवामा गुणस्तरीय प्रविधि तथा जनशक्त्ति व्यवस्थापन ।
१६. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण ।
१७. मानसिक स्वास्थ्य,योग ,र प्राकृतिक चिकित्सामा जोड ।
१८. दिगो विकास वातावरणीय संरक्षण र संवर्द्धन
१९. छिटो प्रतिफल दिने रणनीतिक महत्वका पूर्वाधार निर्माण ।
२०. लागु औषध दुर्व्यशनी नियन्त्रण ।
२१. उज्यालो नगर ।
२२. विपद व्यवस्थापन ।
२३. शैक्षिक विकास

अर्जुनधारा राजपत्र

**सभाध्यक्ष महोदय,**

अव म  आर्थिक तथा राजश्व सम्बन्धी नीति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१. अर्जुनधारा नगरपालिकाको आवश्यकता र विकासका लागि आवश्यक पर्ने राजश्व संकलन गरि अर्जुनधारा नगरपालिकालाई आत्मनिर्भर बनाउन आन्तरिक राजश्वको दायरालाई  वढाई राजस्व वृद्धि गरिनेछ ।

२. जनतालाई करको भार महसुस नगराई, निजी क्षेत्रको विकासमा वाधा नपुग्ने गरि प्रगतीशिल कर प्रणालीको माध्यमद्धारा करका दरहरु निर्धारण गरिनेछन् ।

३. नगरपालिकाको आन्तरिक राजश्वलाई अभिवृद्धि गर्न नगरबाट उपलब्ध गराइएका सेवा सुविधा वापत न्यनतम सेवा शुल्क निर्धारण गरिनेछ ।

४. **“राजश्व संकलन भार होइन संमृद्धिको आधार हो** ”भन्ने चेतना जागरण गराउन कर सम्बन्धि प्रशिक्षण,छलफल वा तालिम कार्यक्रम मार्फत सचेतना अभियान निरन्तर संचालन गरिनेछ ।

५. सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी निर्धारण गरिनेछ ।

६. नगरपालिका भित्र उच्चतम कर तिर्ने करदातालाई सम्मान गरिनेछ । साथै नगरपालिका भित्रका उत्कृष्ट उद्यमीलाई पुरस्कृत गरिनेछ ।

७. जग्गाको वर्गिकरण गर्दा चलनचल्तीमा समान मुल्य कायम रहेका क्षेत्रहरुको समान मुल्याङ्कन हुने गरी वर्गीकरण गरी भूमि करको दर निर्धारण गरिनेछ ।

८. स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुर्याउने कर नीति अवलम्बन गरिनेछ ।

९. उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन  गर्दै लगिनेछ साथै नगरपालिकाको पहिचान र विकाससँग सम्बन्धित मेला, महोत्सव सञ्चालन गरिने छ ।

१०. नगरपालिका क्षेत्र भित्र रहेका क्रसर उद्योग, ढुङ्गागिटी वालुवा, इट्टाभट्टा,  जुस उद्योग लगायत ठुला उद्योगलाई दिगो, वातावरण मैत्री, वैज्ञानिक र व्यवस्थित वनाउन आवश्यक कानुन निर्माण गरी नियमन गरिनेछ ।

११. राजस्व प्रशासनलाई अझ चुस्त र पारदर्शी बनाउन एवम नगरपालिका र सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनको सफ्टवेयर तथा कम्प्युटर बिलिङ प्रणालीलाई थप प्रभावकारी वनाउन राजस्व प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१२. व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरि व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणलीमा आवद्ध गर्ने साथै वर्गीकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ ।

१३. नगरपाललिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू,सेवा सुविधाहरू आदिको अभिलेख तयार गरी अद्यावधिक गरिने छ ।

१४.नगरपालिकाको राजस्व प्रशासनलाई थप प्रभावकारी बनाउन, राजस्व परामर्श समितिको सक्रियतामा समितिले नियमित राजस्व असुलीको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

१५.चालु खर्चलाई निश्चित सिमामा राखी पूँजीगत खर्चमा अभिवृद्धि गरिनेछ ।

१६.विभिन्न धार्मिक स्थल र पार्क तथा पर्यटकको गन्तव्य स्थल व्यवस्थित र मर्यादित वनाई मनोरञ्जन कर मार्फत नगरपालिकाको राजश्वको दायरा बढाइने छ ।

**सभाध्यक्ष महोदय,**

अव म विषय क्षेत्र गत रुपमा नगरपालिकाको नीति प्रस्तुत गर्न चाहान्छु ।

**१. आर्थिक विकास**

**क.कृषि तथा पशुपंक्षी विकास सम्वन्धी नीति**

१. कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारीको व्यवस्था गरी सेवा केन्द्र मार्फत सबै किसानको पहुँच हुने गरी कृषि तथा पशुपालन सम्बन्धी प्राविधिक सेवा विस्तार गरिनेछ ।

२. कृषि सम्बन्धी सूचनाहरू स्थानिय पत्रपत्रिका, रेडियो तथा सामाजिक सञ्जाल मार्फत सम्प्रेषण गरि कृषि तथा पशुपालन सम्बन्धी जानकारी सबै कृषकको पहुँचमा पुर्याईनेछ ।

३. कृषि उत्पादन वृद्धि गरी कृषिमा आत्मनिर्भर बन्दै कृषि उत्पादनको निर्यात गर्ने वातावरण तयार गर्न कृषि भूमिको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४. संघीय नीति तथा कार्यक्रम बमोजिम कृषि तथा पशु सेवाका लागि एक गाउं एक प्राविधिकलाई निरन्तरता दिइनेछ

५. अर्जुनधारामा रहेको व्यवसायिक कृषि थोक बजारलाई सञ्चालनमा ल्याइनेछ ।कृषि ८- पेशालाई मर्यादित, भरपर्दो र आत्मनिर्भर बनाउन समयमा मल खाद विउ विजन उपलब्ध गराउन आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ

६. नगरपालिका क्षेत्र भित्रका कृषक, कृषक समूह र सहकारी मार्फत उन्नतजातका बिउ विजनमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

७. कृषक दर्ता तथा सूचिकरण र वर्गीकरण गरी परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाईने छ ।

८. कृषिमा यान्त्रिकरण, आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै यसलाई मर्यादित पेशाको रुपमा विकास गरिनेछ । यसका लागि वडागत रुपमा संचालन भई रहेको पकेट/ब्लक कार्यक्रमलाई निरन्तरता दिईनेछ

९. बाली वीमा तथा पशु वीमा कार्यक्रमलाई प्रोत्साहन गर्नका लागि आवश्यक सचेतना मुलक कार्यक्रम सहित अभियान संचालन गरिनेछ ।

१०.मौसमी रोगहरु लागेका पशुहरुलाई सामुहिक उपचारको व्यवस्था मिलाई प्राविधिक सेवा निशुल्क रुपमा उपलव्ध गराउन आवश्यक समन्वय गरिनेछ ।मौसमी रोगहरुको रोकथामका लागि पशुहरुलाई निशुल्क रुपमा खोप दिने व्यवस्था मिलाइनेछ ।

११. कृषि तथा पशुपालको क्षेत्रमा सूचिकृत भएका किसानहरु मध्येबाट उत्पादन तथा उणस्तरका आधारमा निश्चित मापदण्ड वनाई वर्ष किसान घोषणा गरिनेछ ।
१२. सुपारी खेती विस्तारका लागि आवश्यक सहयोग गरिनेछ,सुपारी कृषकहरुलाई विरुवा सहित प्रशोधनका लागि आवश्यक उपकरण प्रदान गरी कृषकले नै महङ्गो मूल्यमा विक्रि गर्ने वातावरण तयार गरिनेछ
१३. शनिश्चरे बजार स्थित कृषि थोक वजारका छेउमा शीत भण्डार निर्माणका लागि आवश्यक डिपिआर तयार गरी कार्यान्वयनमा लगिनेछ ।
१४. संघीय नीति तथा कार्यक्रम बमोजिम माछा, मासु, अण्डा, दुध आदिको व्यवसायिक उत्पादन गर्न प्रोत्साहन गर्दै मासु उत्पादनमा नगरलाई आत्मानिर्भर बनाइनेछ ।
१५. पशु तथा कृषि प्रवर्द्धनका लागि "एक गाउँ एक उत्पादन कार्यक्रम" साझेदारी नीति अवलम्वन गरिने छ ।
१६. पशु जन्य "गोठ देखि ओठ सम्म" कृषि उपज र "वीउ देखि जीउ सम्म" उत्पादन पुग्दा सुद्धताको प्रत्याभूति हुने गरी अर्ग्यानिक तथा प्राकृतिक खेती प्रणालीको विकास सहित विशेष कार्यक्रम संचालन गरिनेछ ।
१७. बेमौसमी तरकारी खेती प्रवर्द्धन गरिनेछ ।
१८. सवै अर्जुनधाराबासी लाई निशुल्क करेसावारी तरकारी वीउ मिनिकिट वितरण कार्यक्रम संचालन गरिनेछ ।
१९. समूहगतरुपमा मकै छोडाउने मेसिन, धान चुट्ने मेसिन, गहुँ चुट्ने मेसिन, आदी खरीद गर्न कृषकहरुलाई विशेष अनुदान उपलब्ध गराइनेछ ।

**ख. पर्यटन विकास सम्वन्धी नीति**

१. शनिश्चरे बजारलाई सौन्दर्यीकरणका लागि शनिश्चरेको ऐतिहासिक पहिचान बोकेको गोरु गाडा, अर्जुनधारा नगरपालिका र वेलायत व्हीलभरह्याम्पट सिटि संग भगीनी मैत्री सम्वन्ध स्थापना गरिनेछ ।
२. यो नगारपालिकाका पर्यटकीय गन्तव्यहरु अर्जुनधारा जलेश्वरधाम, जेठा गुम्बा, साधुटार, विद्यापिठ, सुखानी सहादत स्थल, सहिद स्मृति प्रतिष्ठान, फाल्गुनन्द बाटिका, साठिमुरे क्षेत्रमा प्रस्तावित बुद्ध मुर्ति स्थापना, हलुवागढ सिमसार, पाण्डवपुर, कैदले परापर्यटन, हात्तीआहाल, हात्तिकिल्ला, सहकाले झरना, जलकन्या मन्दिर बुढानिकण्ठ लगायतको प्रवर्दन तथा विकासका लागि निरन्तरता दिइनेछ
३. सहकाले क्षेत्रमा पदमार्ग निर्माण गरी स्थानीय परिकार सहितको होम स्टे संचालनका लागि आवश्यक अध्ययन गरी कार्यक्रम अगाडी वढाइनेछ ।
४. निजी क्षेत्र संगको साझेदारीमा पर्यटन महोत्सव सहित प्रचार प्रसार कार्यक्रम संचालन गरिनेछ ।
५. नगरपालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति गठन गरिनेछ ।

**ग. उद्योग वाणिज्य सहकारी तथा गैसस सम्बन्धी नीति**

१. नगरवासीको आर्थिक विकास गर्न र राज्यको सेवा प्रवाह सहज र सरल रुपमा प्राप्त गरुन भन्ने उद्धेश्य राखी नगरपालिकाकै अगुवाइमा रहनेगरी गतवर्ष स्थापित नगरविकास सहकारीलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२. नगरविकास सहकारी मार्फत नगरपालिकामा क्रियाशिल सहकारी संस्थाहरु, विशिष्ट सहकारीहरु संग साझेदारी गरी कृषि तथा कृषि उद्यम सम्बन्धी विभिन्न परियोजनाहरु संचालन गरिनेछ ।

३. नगरपालिकाबाट संचालन गरिने स्वरोजगारमूलक तथा सिपमूलक, क्षमता अभिवृद्धि लगायतका कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्यमा गरी संचालन गर्ने नीति अवलम्वन गरिनेछ।

४. लघु उद्यमको विकासको माध्यमबाट गरिवी निवारण गर्न CTEVT, युवा परिषद तथा निजि क्षेत्र समेतको सहभागितामा लघु उद्यम कार्यक्रम संचालनमा जोड दिइनेछ ।

५. दलित समुदायको परम्परागत सीप कला र पेशालाई संरक्षण, संबर्द्धन र आधुनिकीकरण गरी व्यवसायीक बनाउन र रोजगारीको अवसर विस्तार गर्न उत्थान तथा विकास कार्यक्रम संचालन गरिनेछ ।

६. वाणिन्य क्षेत्रलाई व्यवस्थित, मर्यादित र अनुशासित बनाई उपभोक्ताको हित अभिवृद्धिका लागि बजार अनुगमन गर्ने कार्यलाई वढावा दिइनेछ ।

७. **"नगर औद्योगिक ग्राम"** अर्जुनधारा नगरपालिका वडा न २ को टाङटिङ किनारमा रहेको स्थानलाई सञ्चालनमा ल्याइनेछ । साथै नगरमा सञ्चालनमा रहेका उद्योग र बन्द अवस्थामा रहेका उद्योगहरुको लगत संकलन गरी वन्द रहेका उद्योगहरुलाई सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ

८. वडामा सुपथ मुल्य विक्री वितरण केन्द्र स्थापना गरी कृषि उपज, खाद्यान्न तथा दैनिक आवश्यक सामाग्री सहज तथा सरल रुपमा सकलन तथा विक्री वितरण गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

## २. सामाजिक विकास सम्बन्धी नीति

### क. शिक्षा सम्वन्धी नीति

१. सामुदायिक विद्यालयको खस्किदो अवस्थालाई गुणस्तरीय शिक्षा वृद्धि गर्न कुनै एक विद्यालयमा प्रविधियुत्त तथा Piloting कार्यक्रम सञ्चालन गरिनेछ ।

२. शनिश्चरे बहुमुखी क्याम्पसलाई गुणस्तर सुनिश्चितता प्रत्यायन प्रमाण पत्र (QAA) प्राप्तीका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

३. सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धिका लागि कार्यविधि तयार गरी प्रस्तावमा आधारित अनुदान उपलब्ध गराइनेछ ।

४. सामुदायिक विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापन अनुदानमा वृद्धि गरिनेछ ।

५. कक्षा ५ को अन्त्यमा नगरस्तरीय परीक्षा सञ्चालनको व्यवस्था गरिनेछ ।

६. नगर शिक्षा ऐन निर्माण गरिनेछ ।

७. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

८. विद्यालयहरुलाई बहुआयामिक सीप खेलकुद), सङ्गीत, नृत्य, नेतृत्व सीप, साहित्य, सामाजिकीकरण विकासको थलो बनाउन विभिन्न विधाका घुम्ती शिक्षकहरुको व्यवस्था ( गरिनेछ ।

९. सामुदायिक र संस्थागत विद्यालय भवनहरुको रङ निर्धारण गरि सोही अनुसार लगाउने कार्यको थालनी गरिनेछ ।

१०. सूचना प्रविधिमा आधारित सिकाइमा जोड दिइनेछ ।

११. गुरुकुल, मदरसा, गुम्बा जस्ता सवै परम्परागत शिक्षाका धरोहरहरुको संरक्षण र संवर्द्धनमा जोड दिइनेछ ।

१२. शिक्षकहरुका लागि क्षमता विकास, पूनर्ताजगी, सिकाइमा नवप्रवर्तन तथा पाठ्यक्रम प्रवोधीकरण तालिम सञ्चालन गरिनेछ ।

१३. विद्यालयमा मनोविज्ञान कार्यक्रमलाई अनुभव र परिणामको आधारमा विस्तार गरिनेछ ।

१४. स्थानीय पाठ्यक्रम निर्माण गरि पठनपाठन सुरु गरिनेछ ।

१५. संघीय नीति तथा कार्यक्रम अनुसार संञ्चालन हुने कार्यक्रमहरुलाई निरन्तरता दिदै बालकक्षा शिक्षक ,विद्यालय कर्मचारीको पारिश्रमिक र बालबालिकालाई पोशाक वितरणलाई निरन्तरता दिने ।

१६. विद्यालय अनुगमन कार्यविधि तयार गरी सामुदायिक तथा संस्थागत विद्यालयहरुको तोकिएका सूचकहरुमा आधारित अनुगमन प्रणाली विकास गरिनेछ ।

१७. बुहारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. सबै माध्यमिक तथा आधारभूत –१ कक्षा)८विद्यालयहरुमा विज्ञान प्रयोगशाला (, पुस्तकालय, आइसिटी ल्यावको स्थापना गर्ने कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

१९. छनौटमा परेका सामुदायिक विद्यालयहरुमा स्मार्ट बाल कक्षा स्थापना गरिनेछ ।

२०. बालमैत्री नगर निर्माणका लागि संस्थागत एवम सामुदायिक विद्यालयसंग सहकार्य गरिनेछ ।

२१. आर्थिक, सामाजिक तथा सास्कृतिक कारणले पछि परेका व्यक्तिहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउन सकारात्मक विभेदकोनीति लिई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. नगरपालिका क्षेत्र भित्र एवम विद्यालय हाता भित्र हुन सक्ने संभावित छुवाछुत, बालश्रम र लैङिगक हिसा एवं दुर्व्यवहार रोकथाम र नियन्त्रणको लागि विद्यालयहरुमा मनोसामाजिकविर्मशकर्ता हरुबाट परामर्श सेवाको व्यवस्था गरिनेछ ।

२३. विद्यालय र समुदाय बीच सहयोग, सहकार्य र साझेदारी निमार्ण गदै विद्यालय विकासका लागि **"हाम्रो विद्यालय राम्रो विद्यालय"** को रुपमा विकास गर्न सम्वन्धित निकायहरुलाइ जवाफदेही बनाइनेछ साथै वार्षिक मूल्याङ्कनका आधारमा राम्रो विद्यालयलाई सम्मानित गरिनेछ ।

२४. लागु औषध दुर्व्यसनी, बाल विवाह, बहु विवाह, सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु प्रत्येक विद्यालयहरुमा महिनामा एक पटक डकुमेन्ट्री तथा सिकाई कक्षा मार्फत संचालन गरिने छ । साथै यस अभियानलाई प्रभावकारी बनाउन फ्लेक्स, ब्रुसर, सडक नाटक, लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

२५. विद्यालयमा नैतिक शिक्षामा जोड दिने नीति अबलम्बन गरिने छ । विद्यार्थीहरुलाई अनुशासित र नैतिक शिक्षा प्रदान गर्न शिक्षकहरुलाई प्रोत्साहित गरिने छ ।

२६. सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा ल्याउने कम्तीमा २ वटा विद्यालयलाई **नगरपालिका " "रउत्कृष्ट शिक्षा पुरस्का** दिइने छ

२७. नेपालको संविधान र कानूनको बारेमा विद्यार्थीहरुलाई जानकारी गराउन माद्यामिक तहमा सासाहिक रुपमा छुट्टै कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

**ख. <u>स्वास्थ्य सम्बन्धी नीति</u>**

१. कोभिड १९ विरुद्धको खोप अभियान संञ्चालन तथा व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ । साथै नियमित खोप कार्यक्रम लगायत प्राथमिकता प्राप्त जनस्वास्थ्य कार्यक्रमहरु निरन्तर संञ्चालन गरिनेछ ।

२. विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुको स्वास्थ्य परीक्षण तथा विद्यालय मार्फत् समुदायमा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सबै वडाका स्वास्थ्य केन्द्रहरुमा बाह्रै महिना तोकिएका औषधिहरु उपलब्ध गराइनेछ ।

४. व्यवसायिक मजदुरहरुका लागि अर्धवार्षिक रुपमा निःशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिनेछ ।

५. आयुर्वेदिक तथा वैकल्पिक उपचार पद्धतिमा नगरबासीहरुको पहुँच विस्तार गरिनेछ ।

६. नियमित औषधि सेवन गर्नुपर्ने विमित दीर्घ रोगीहरुका लागि वडास्थित स्वास्थ्य केन्द्रहरुबाटै विमाको औषधिहरु वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

७. वडाहरुमा सञ्चालित ल्याव सेवालाई सुदृढीकरण गर्दै लगिनेछ ।

८. स्वास्थ्यकर्मीहरु, महिला स्वयमसेविका र जनप्रतिनिधिहरु समेत परिचालन गरी समुदायमै सुगर, रक्तचाप, युरिन प्रोटिन लगायतको परीक्षणको व्यवस्था गरिनेछ ।

९. गर्भवती महिलाहरुका लागि निःशुल्क युएसजी सेवा उपलब्ध गराइनेछ ।

१०. योग अभ्यास तथा स्वस्थ्य जीवनशैलीलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

११. सबै वडाहरुमा कार्डियाटिक, डायबिटिक क्लवहरु गठन गरिनेछ ।

१२. गरिव, विपन्न, निमुखा, दीर्घरोगी, मजदुर, किसान आदिको प्राथमिकताको आधारमा स्वास्थ्य विमा गरिनेछ साथै यसै वर्ष भित्र यो नगरपालिकाकाका सवै घरधुरीहरुलाई स्वास्थ्य वीमामा आवद्ध हुन विशेष सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१३.शनिश्चरे प्राथमिक स्वास्थ्य केन्द्रलाई जनशक्ति सहित स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने साथै नगर भित्रका स्वास्थ्य संस्थाहरुमा घुम्ती मेडिकल अधिकृतको सेवा विस्तार गरिनेछ ।

१४.**"उपमेयरसंग आमा शिशु कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

१५.स्वास्थ्य प्रर्वद्धन, रोग नियन्त्रण, पोषण सुधार तथा जनस्वास्थ्य कार्यक्रमहरुमा बहुक्षेत्रीय, बहुपक्षीय सहकार्य गरिनेछ ।

१६.नागरिकहरुको स्वास्थ्यलाई विशेष ध्यानमा राखी प्राकृतिक चिकित्सा र योग अभ्यासलाई प्राथमिकता दिइनेछ, साथै मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रमलाई अझै प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१७.मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनको लागि घरमा शुन्य प्रसुती घोषणा अभियान कार्यक्रम संचालन गरिनेछ।

१८.महिलाको पाठेघरखस्ने समस्या सम्बन्धि लक्षित समूहमा जनचेतनामुखी (आङ्ग) अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

१९.शनिश्चरे आर्युवेद औषधालय अ-पा.न.७ लाई स्तरोन्नति गर्ने, आयुर्वेद सेवा केन्द्रको सेवा प्रत्येक वडामा विस्तार गर्दै लगिनेछ ।

२०.नगरपालिका स्तरका शौचालय आवश्यक रहेमा विद्यालयहरुमा विभिन्न दातृ निकाय तथा प्रदेश र संघीय सरकार संग समन्वय निर्माण गरिनेछ ।

**ग. भाषा, कला, संस्कृति सम्बन्धी नीति**

१. नगरपालिका भित्र रहेको भाषा, धर्म, संस्कृतिलाई दीर्घकालसम्म जगेर्ना गर्नका लागि विभिन्न संस्कृति झल्कने सांस्कृतिक संग्रहालय निर्माणका लागि विभिन्न सरोकारवालासँगको साझेदारीमा निर्माणको कार्य थालनी गरिनेछ ।

२. कला, संस्कृति, परम्परागत बाजा, जातीय झाकीहरु संरक्षण तथा प्रवर्द्धन गर्न वडामा प्रत्येक बर्ष छनौट र नगरस्तरीय प्रतिस्पर्धा गरिनेछ ।

३. लेखकहरुको साहित्य सम्मानमा **"लेखक घर"** निर्माण गरिनेछ साथै उक्त घरमा स्थानीय लेखकहरुका कृतिहरु सहितको पुस्तकालय स्थापना गरिनेछ ।

४. **"दीर्घ साहित्य सेवा पुरस्कार"** लाई निरन्तरता दिइनेछ ।

**घ. युवा तथा खेलकुद सम्बन्धी नीति**

१. क्षमता अभिवृद्धि कार्यक्रम मार्फत युवा उद्यमशिलता तथा स्वरोजगारीमा अभिवृद्धि गरिनेछ

२. युवाका लागि सीप,प्रविधि,कर्जा,व्यवसाय परामर्श,बजार सुविधा सहित उद्यम विकास सम्वन्धी एकिकृत कार्यक्रम संचालन गरिनेछ ।

३. बैदेशिक रोजगारीवाट हासिल गरेका दक्षता,सीप,अनुभव एवम पुँजीलाई सदुपयोगका लागि उपयुक्त वातावरण सृजना गर्दै औधोगिक व्यवसायिक क्षेत्रमा लगानी गर्न युवाहरुलाई प्रोत्साहित गरिनेछ ।

४. स्थानीय योजना तर्जुमा,कार्यान्वयन तथा नतिजा मापन प्रकृयामा युवाहरुको संलग्नता वृद्धि गर्न क्षमता अभिवृद्धि गरिनेछ ।
५. युवा समूह,क्लव संजालको विकास,विस्तार,सुदृढिकरण क्षमता अभिवृद्धि गर्दै स्थानीय सरकार संचालनको विभिन्न क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व एवम सहाभागीता गरिनेछ ।
६. लागु औषध प्रयोग गर्ने युवाहरुको पुनर्स्थापना गर्न, परामर्श तथा पुनर्स्थापना केन्द्रहरु संचालन गरिनेछ
७. युवाहरुको लागि युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ । रोजगार तथा स्वरोजगारका क्षेत्रमा लाग्ने कृषि,पशु तथा निर्माण क्षेत्रमा लाग्न प्रोत्साहित गरिनेछ ।
८. युवाहरुको शारिरीक र मानसिक विकासका लागि सानो उमेर देखि नै अभ्यस्त गराउदै खेल सस्कृतिको विकास गरिनेछ साथै मान्यता प्राप्त खेल प्रशिक्षक र खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।
९. कार्यक्रम अन्तरगत हाल निर्माणाधीन अर्जुनधारा "एक स्थानीय तह एक खेलमैदान" खेलमैदानलाई यसै वर्ष सम्पन्न गरिनेछ ।
१०. खेलकुदमा महिला सहाभागीता वढाउन महिला खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ
११. स्थानीय स्तरका खेलकुद प्रशासन तथा संघ संस्था संग समन्वय गरि आवश्यक नीति नियम कार्यविधिहरु निर्माण गरिनेछ ।
१२. फुटवल, भलिवल, क्रिकेट, व्याटमिन्टन तथा मार्शलआर्टका नगर स्तरीय खेलाडीहरु छनौट गरिनेछ साथै खेल प्रशिक्षकको व्यवस्थापन गरी खेलाडीहरुको दक्षता अभिवृद्धि गराइनेछ ।
१३. राष्टपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
१४. नगर स्काउट कार्यक्रमलाई परिचालन गरिनेछ ।
१५. अन्तर विद्यालय खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
१६. युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि खुला व्ययामशाला स्थापना गरिनेछ ।

**ङ. <u>लैङगिक समानता तथा सामाजिक समावेशी सम्बन्धी नीति</u>**

१. अपाङ्ता भएका व्यक्तिहरुलाई आयमुलक तथा सिपमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
२. अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीहरु व्हील चियर), वैशाखी तथा सेतो छडीको ( व्यवस्थापन गरिनेछ
३. पहेंलो परिचय पत्र वाहक अपाङ्गता भएका व्यक्तिहरुका लागि छुट्टै बजेट विनियोजन गरी व्यवसायिक सीप विकास तालिम प्रदान गरिनेछ साथै व्यवसायिक कर्जाका लागि वित्तीय संस्थाहरु संग समन्वय गरिनेछ ।
४. अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित स्वरोजगार उद्योगहरुको दर्ता तथा नवीकरण शुल्कमा शत प्रतिशत छुट प्रदान गरिनेछ ।
५. लैङ्गिक हिंसा बाट पिडित महिलाहरुको संरक्षणका लागि अल्पकालीन वा दीर्घकालीन सेवा केन्द्रहरु स्थापना गर्दै मनोसामाजिक विमर्श उपचार एवम कानुनी सहयता उपलव्ध गराइनेछ

६. कार्यस्थलमा हुने लैङ्गिक तथा यौनिक हिंसा,छुवाछूत एवम विभेदपूर्ण ज्यालादर लगायत सवै प्रकारका अन्याय र हिंसालाई निरुत्साहित र दण्डित गर्न स्थानीय कानून वनाई कडाईका साथ लागू गरी नगरपालिकालाई महिला हिंसा मुक्त वनाइनेछ ।

७. उद्योग व्यवसायमा जोखीम युक्त काम गर्ने विपन्न परिवारका गभर्वती महिलालाई आवश्यक कार्यविधि वनाई निश्चित समयको लागि भत्ता उपलव्ध गराइनेछ ।

८. सीप विकास एवम उद्यमशीलता तालिम तथा प्रविधि हस्तान्तरण वाट रोजगारी,स्वरोजगारी तथा आय आर्जनका अवसरहरु सृजना गर्दै महिलाहरुलाई आर्थिक रुपमा सक्षम र सवल वनाइनेछ ।

९. महिला सहकारी संस्थाको क्षमता विकास सहित विउ पुँजी कोष स्थापना गरिनेछ

१०. लैङ्गिक उत्तरदायी बजेट र परीक्षण प्रणाली अवलम्वन गरि महिला सशक्तिकरण गरिनेछ । साथै नगरपालिकाको वार्षिक रुपमा लैगिंक समानता तथा सामाजिक समावेशीकरण परिक्षणलाई अनिवार्य गरिनेछ ।

११. विद्यालय,संचार क्षेत्र लगायत अन्य सरोकारवालासंग समन्वय गरी वालवालिका तथा किशोर किशोरी माथि हुने दुर्व्यवहार,हिंसा,भेदभाव,बालशोषण,बालश्रम बेचविखनको अन्त्य गरिनेछ ।

१२. बाल सहाभागिता,बालविकास,बाल बचाउ,बाल संरक्षणका लागि नगरपालिका लगायतका सवै सार्वजनिक कार्यालयहरुमा नीतिगत व्यवस्था गरी सोही अनुसार बार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दै संस्थागत विकास गरिनेछ

१३. बाल मैत्री नगर निर्माणका लागि प्रर्वद्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । कम्तीमा एक वटा वडालाई बालमैत्री घोषणा गरिनेछ ।

१४. बालक्लव वाल संजालको क्षमता अभिवृद्धि गर्दै विभिन्न समितिहरुमा हुने बाल प्रतिनिधित्वलाई प्रभावकारी वनाइनेछ ।

१५. कानुनी विवाद परेका बालबालिकाका लागि बाल सुधार गृह सञ्चालन गरी संरक्षण गरिने र अनाथ अति विपन्न बालबालिकाहरुको शिक्षा स्वास्थ्यमा पहुँचको व्यवस्था मिलाइनेछ

१६. संविधानमा भएका वाल अधिकारको वारेमा अभिमुखीकरण गरी जनचेतना अभिवृद्धि गरिनेछ

१७. जेष्ठ नगारिकका ज्ञान,सीप र अनुभवहरु नीति निर्माणमा उपयोगी हुने र भावी पुस्ताहरुका लागि मार्गदर्शन हुनसक्ने भएकोले त्यस्ता ज्ञान अनुभवहरुललाई पुस्तान्तरण गर्ने वातावरण सृजना गरिनेछ ।

१८. हिंसा, दुर्व्यवहार,भेदभावमा परेका मानसिक तनावमा परेका,अशक्त,घरवार विहिन विपन्न जेष्ठ नगारिक हरुको संरक्षणका लागि स्थानीय गैह्र सरकारी संस्थाहरु संगको सहकार्यमा वृद्धाश्रम स्थापना र संचालन गरिनेछ ।

१९. जेष्ठ नगारिक सम्मान कार्यक्रम निशुल्क स्वास्थ्य बीमा स्वास्थ्य जाँच लागायत संविधान र अन्य कानुनहरुमा भएका प्रावधानहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२०. सीप विकास एवम उद्यमशीलता तालिम कार्यक्रम हरु संचालन गरि दलित समुदायको क्षमता अभिवृद्धि गर्दै रोजगार एवम आयआर्जनका अवसरहरु सृजना गर्न सहयोग गरिनेछ ।

२१. दलितहरुको परम्परागत सीप र दक्षताको संरक्षण संवर्द्धन र उपयोग गरिनेछ ।

२२. नगरपालिका सरकार संचालनमा दलितको प्रतिनिधित्व सुनिश्चित भएपनि थप सशक्तिकरण गरी मूल प्रवाहमा ल्याइनेछ ।

२३. नगरपालिकालाई छुवाछूत मुक्त वनाउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

२४. विपन्न दलित समुदाय भएका स्थानलाई प्राथमिकतामा राखी सडक वत्ती जस्ता पूर्वाधारहरु निर्माण गरिनेछ ।

२५. महिला बालबालिका अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक र यौनिक तथा लैगिक अल्पसंख्यकहरुको तंथ्याङ्क संकलन र अध्यावधिक गरिनेछ साथै लैंगिक समानता तथा उत्थानका लागि प्रदेश सरकार तथा संघीय सरकारसंग साझेदारी गरिनेछ ।

२६. गरिवी निवारणका लागि लघु उद्यम विकास मार्फत सम्भाव्य उत्पादन बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा पांच जनाको समुहमा प्रविधि हस्तान्तरण गरिनेछ ।

२७. मजदुरहरुको लगत संकलन तथा सूचिकृत गरी असंगठित कृषि, निर्माण तथा खोला मजदुरहरु/ चिया मजदुरहरुको दुर्घटना विमा गरिनेछ । मजुदरलाई विभिन्न किसिमका सिपमुलक तालिम दिई व्यवसायिक बनाइनेछ ।

**३. पूर्वाधार विकास सम्बन्धी नीति**

१. नगर कार्यपालिकाको कार्यालय परिसरलाई अत्याधुनिक तरिकाले सौन्दर्यीकरण गरी नगर कै गौरवको रुपमा पूर्वाधार निर्माण गरिनेछ ।

२. नगरपालिका कार्यालयलाई सञ्चालन गर्न भवन निर्माणका लागि जग्गा दाताको प्रस्ताव अनुसार अर्धकदको प्रतिमा तथा शिलालेख यथाशिघ्र प्रतिस्थापन गरिनेछ ।

३. संघीय कार्यक्रम अनुसार क्रमागत रुपमा सञ्चालन हुदै आएका अर्जुनधारा जलेश्वर धाम, फाल्गुनन्द माङहिम सौन्दर्यीकरण कैदले अर्जुनधारा ३, सहकाले झरना, हलुवागढ परापर्यटन, वृद्ध प्रतिमा स्थापना अनपा २, मदन आश्रित पार्क पर्यटकीय पूर्वाधार निर्माण अनपा ४, शहिद स्मृति उद्यान पर्यटन पूर्वाधार निर्माणका लागि निरन्तरता दिइनेछ ।

४. आगामि वर्ष प्रत्येक वडामा कम्तीमा १ किमी सडक कालोपत्रे., मर्मत सम्भार, विपद व्यवस्थापन र विषयगत क्षेत्रको विकास सम्बन्धी आयोजनालाई निरन्तरता दिइएको छ ।

५. सडकको कारणले हुने भुक्षयलाई कम गर्न वायो इन्जिनियरीङ प्रविधिलाई जोड दिईने छ ।

६. संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय विरिङ, टाङटिङ खोलामा तटबन्धन, ग्रिनवेल्ट र बाटो निर्माण कार्य गरिनेछ ।

७. शनिश्चरे बजार क्षेत्रलाई आधुनिक व्यवस्थित र सौन्दर्यीकरणलाई निरन्तरता दिइनेछ ।

८. नगरभित्रका बाँकी रहेका अति आवश्यक पुल, कल्भर्ट निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

९. विद्यालय, सामुदायिक भवन र सरकारी भवन निर्माण गर्दा निर्माण हुने संरचनाहरु अपाङग मैत्री, बालमैत्री, लैगकिमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिने छ ।

१०. भवन निर्माण संहिता तथा न्यूनतम मापदण्ड लागू गरी प्रकोपवाट हुन सक्ने संभावित क्षतिहरुवाट जनधन सुरक्षित राखिनेछ

११. पुर्वाधार योजनाको कार्यन्वयन समयमा सम्पन्न गर्न,योजनाको कार्यान्वयन र अनुगमनलाई सहज र सरल बनाउन योजना कार्यान्वयनको कार्यतालिका तयार गरी कार्यान्वयन गरिनेछ ।

१२. नगर गौरवका आयोजना तथा ठुला आयोजनाहरुको लागि आवश्यक डिपिआर तयारी गरिनेछ ।

१३. नगरभित्रका अत्याश्यक स्थान तथा मुख्य बजारहरुमा सडक बत्ती तथा सिसी क्यामेरा जडान . कार्यलाई निरन्तरता दिइनेछ ।

१४. नगरमा भएका हेब्बी सवारी साधनहरुलाई पूर्ण रुपमा परिचालन गरिनेछ ।

१५. जनसहभागितामा सञ्चालन हुने भौतिक पूर्वाधार निर्माणका आयोजनाहरुमा सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१६. झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१७. तपाई मधेश समृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८. यो वर्ष अर्जनुधारा नगरपालिकालाई **"उज्यालो नगरपालिका"**घोषणा गरिनेछ त्यसका लागि आवश्यक सवै घरधुरीमा विद्युत सेवा विस्तार गरिनेछ ।

१९. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पाँच बर्षमा १००० वटा घर निर्माण गर्ने कार्यको थालनी यसै वर्षबाट गरिनेछ ।

२०. नगर भित्रका महत्वपूर्ण एवम अति आवश्यक पुर्वधाधरका योजना बैक (Project Demand Bank) तयार गरिनेछ । उक्त वैकमा समावेश भएका आयोजनाहरुको क्रमश निर्माण गदै लगिनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश न १ को प्रदेश सहयोग कार्यक्रमबाट झापा जिल्ला अन्तर्गत चार वटा स्थानीय तहहरु अर्जुनधारा नगरपालिका, कन्काई नगरपालिका, विर्तामोड नगरपालिका र वुद्धशान्ति गाउंपालिकाको सहकार्यमा एकिकृत विपद व्यवस्थापन केन्द्रको स्थापना गरी सञ्चालन ल्याइनेछ ।

२. विरिङ र टाङटिङ खोलालाई प्रदेशसंगको समन्यमा तटबन्धन गरी ग्रिनवेल्ट र बाटो निर्माण गरिनेछ ।

३. नगर भित्र रहेका विभिन्न वन उपभोक्ता समितिहरु तथा गैरसरकारी संस्थाहरुलाई नगरको नीति तथा कार्यक्रम अनुसार विपद व्यवस्थापनमा समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाइनेछ ।

४. फोहोरमैला व्यवस्थापनको कार्य (डम्पिङ साइट) लाई प्राथमिकतामा राखी निरन्तरता दिइनेछ । सो फोहोरमैला छुट्टा छुट्टै राख्ने व्यवस्था मिलाई संकलन गर्ने प्रक्रियाको थालनी गरिनेछ ।

५. हात्ती पिडित क्षेत्रमा विशेष कार्यक्रम संचालन गरिनेछ । सरोकारवाला संस्था संग समन्वय गरी मानव हात्ती द्वन्द्व व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।

६. विपदबाट हुनसक्ने क्षतिलाई तत्काल उद्धार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति सामाग्री र श्रोतको व्यवस्थापन गरिनेछ । जसका लागि विपद व्यवस्थापन केन्द्र स्थापना गरि गरिनेछ ।

७. वातावरण स्वच्छता कायम गर्न सडक किनार, विद्यालय, औद्योगिक करिडोर र नदी तटीय क्षेत्रमा हरियाली कार्यक्रम संचालन गरिनेछ । भुसंरक्षण एवम पहिरो नियन्त्रणको लागि वृक्षारोपण कार्यक्रम एवम् रोकथामका विधि अवलम्बन गर्ने नीति लिइनेछ ।

८. शनिश्चरेको खानेपानीलाई शुद्ध पिउने पानीको व्यवस्थापन गर्न संघ, प्रदेशसंग समन्वय र सहकार्य गरिनेछ

९. जरुवा तथा खानेपानीको मुहान सम्भाव्यताको पहिचान गरी संरक्षण तथा जर्गेना गरिनेछ ।

१०. नगर भित्र रहेका सिमसार पोखरीको पहिचान गरी संरक्षण गरिनेछ ।

११. विरिङ्ग करिडोर बाइपास सडकलाई गौरवको आयोजनाको रुपमा निर्माण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१२. विरिङ्ग नदी प्रणाली अन्तर्गत विभिन्न स्थानमा तटबन्धन तथा चेकडयाम निर्माणका लागि संघीय सरकार, प्रदेश सरकारसंग साझेदारी तथा सहकार्य गरिनेछ ।

१३. वन तथा नदी क्षेत्रको वातावरणीय प्रभाव लेखाजोखा गरी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१४. विपद व्यवस्थापन ऐन निर्माण गरिनेछ ।

१५. जोखीम संवेदनशील भू उपयोग योजना तयार गरिनेछ । विपद प्रतिकार्य योजना तयार गरिनेछ ।

**६. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति**

१. नगरपालिकाका विकासका कामलाई प्रभावकारी वनाउन नगरपालिकालाई आवश्यक सल्लाह सुझाव प्रदान गर्न एवम नगरवासीको दीगो समृद्धिका योजना निर्माण गर्नका लागि स्थायी संयन्त्रको रुपमा "**नगर योजना आयोग**गठन गरिनेछ । "

२. नगर योजना आयोगको प्रत्यक्ष संलग्नता र निगरानीमा नगरको web based profile र आवधिक विकास योजना तयार गरिनेछ ।

३. सुचनाको हक सम्बन्धी ऐनका बारेमा नगरपालिकावासीलाई सुसूचित गरिनेछ । साथै नगरपालिकाबाट भएका विकास गतिविधिहरुलाई स्थानीय एफ.एम., पत्रपत्रिका तथा सामाजिक संजाल मार्फत प्रचारप्रसार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. योजना तर्जुमा प्रक्रियाबाट आएका कार्यक्रम वा योजनाहरुलाई मात्र कार्यान्वयन गर्ने नीतिलाई प्राथमिकता दिईनेछ ।

५. नागरिक बडापत्र प्रति संम्पूर्ण सेवाग्राही र कर्मचारीको ज्ञान अभिवृद्धि गरी व्यवहारिक कार्यान्वयन गरिनेछ ।

अर्जुनधारा राजपत्र

६. नगरकार्यपालिकाको कार्यालयमा कार्यरत शाखा प्रमुख, वडा कार्यालय, स्वास्थ्य संस्था प्रमुखसँग कार्य सम्पादन सम्झौता गरी आर्थिक वर्षको अन्त्यमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई ससम्मान पुरस्कृत गरिनेछ ।

७. नगरपालिकाको सेवा प्रवाहको सम्बन्धमा प्राप्त भएको उजुरी र गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ साथै छुट्टै डेस्कको व्यवस्थापन गरिनेछ ।

८. नगरपालिकाले सम्पन्न गरी सकेका संस्थागत स्वमूल्यांकन तथा लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात तयार गरिएको कार्य योजनाहरुलाई प्रभावकारी कार्यान्वयन गर्दै लगिनेछ

९. नगरपालिकाको सेवा प्रवाहको गुणस्तरलाई थप प्रभावकारी बनाउन सो बारेमा समिक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिवहरुको नियमित प्रगति समिक्षा बैठक संचालन गरिने छ ।

१०. नगरपालिका तथा वडाको काम कारवाहीलाई अझ बढि प्रभावकारी र व्यवस्थित बनाउन अनुगमन तथा मूल्यांकन प्रणालीलाई सूचकमा आधारित बनाई संस्थागत गर्ने प्रभावकारी रुपमा लागु गरिनेछ ।

११. नगरपालिकाको पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकाको आम्दानी तथा खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै नगरपालिका विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१२. नगरपालिकाले सम्पादन गरेको कार्यको सम्बन्धमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने, सेवा प्रवाहलाई सहज बनाउन प्रत्येक वडामा एकिकृत घुम्ती सेवा संचालन गरिनेछ ।

१३. आम नागरिकलाई सूचनामा सहज पहुँच सृजना गर्न नगरपालिकाको संपूर्ण विषयगत सूचनाहरु नगरपालिकाको वेभसाइटमा अद्यावधिक गरिनेछ ।

१४. First come First service को सिद्धान्त अनुसार सेवा प्रवाहमा हुने असन्तुष्टीलाई हटाउन विशेष अभियान मुलक कार्यक्रमहरुमा टोकन प्रणाली लागु गरिनेछ ।

१५. कार्यालयलाई प्रविधिमैत्री बनाइनेछ साथै नगरपालिकाको निश्चित क्षेत्रलाई फ्रि वाईफाई जोन )Free WIFI zone) बनाउन आवश्यक कार्य थालनी गरीनेछ ।

१६. नगरपालिकाकार्यालयलाई सेवाग्राहीमैत्री बनाउन सेवाग्राही प्रतिक्षालय, सहायता कक्ष, र सोधपुछ कक्षको व्यवस्था मिलाइनेछ ।

१७. कर्मचारी एवम् पदाधिकारीहरुको क्षमता विकासका लागि तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

१८. विकासमा साझेदार संस्थाहरुबाट साझेदारीमा संचालन गरिने नगरपालिका स्तरीय योजनालाई प्रभावकारी तथा नतिजामुखी बनाई कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ ।

१९. व्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा संचालन गर्न घटना दर्ता शिविर संचालन गरिनेछ ।

अर्जुनधारा राजपत्र

२०. सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन गरिने योजना तथा आयोजनाहरुको अनुगमन, मूल्यांकन पद्धतीलाई व्यवस्थित र वस्तुपरक वनाइनेछ ।कुनै पनि गैह्र सरकारी संस्थालै यो नगरपालिकामा काम गर्नु भन्दा पहिला सूचिकृत हुनुपर्ने व्यवस्था मिलाइनेछ ।

२१. गैरसरकारी संघ संस्थाहरुबाट संचालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरुलाई नगरपालिकाको एकद्धार प्रणाली मार्फत संचालन गरि व्यवस्थित बनाइनेछ । गैर सरकारी संस्थालाई नियमन गरी कार्यक्षेत्रको दोहोरोपना अन्त्य गरिनेछ ।

२२. उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको वर्गीकरण गरी प्रत्येक निर्वाचित वडा प्रतिनिधिहरुलाई जिम्मेवारी बाँडफाँड गरी योजना संचालन र सम्पन्नताको समय सिमा निर्धारण गरी जिम्मेवारी प्रदान गरिनेछ

२३. पत्रकारिता क्षेत्रको प्रवर्द्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत संचारसँग सम्बद्ध निकायहरसँग समन्वय गरी सञ्चारमैत्री कार्यक्रम संचालन गरिनेछ ।

२४. सुशासन एवम् पारदर्शितालाई मुल मन्त्र मानी सञ्चार माध्यमलाई मर्यादित एवम् सम्मानित र जिम्मेवार बनाउन प्रत्येक बर्ष उत्कृष्ट पत्रकार सम्मान कार्यक्रम संचालन गरिनेछ ।

२५. यस नगरपालिकाको सुशासन र सेवा प्रवाहका सम्बन्धमा जिज्ञासा गुनासो सुनुवाइ गर्नको लागि संञ्चार माध्यम मार्फत कार्यक्रम निर्माण गरि प्रकासन प्रसारण गरिनेछ ।

२६. नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको मनोबल उच्च बनाउन सेवा सुविधालाई समय सापेक्ष बनाइनेछ ।हाल सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गरी सन्तोषजनक कार्यसम्पादन गर्ने कर्मचारीहरुको खाइपाई आएको पारिश्रमिकमा १५ प्रतिशतले वृद्धि गरी करार सेवा आगामी आ.व. समेत निरन्तरता दिइनेछ ।

२७. नेपाल सरकारले घोषणा गरे अनुरुप यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको तलब भत्तालाई समायोजन गरिनेछ ।

२८. भुमिहीन, दलित, भुमिहिन सुकुम्वासी अव्यवस्थित बसोबासका लागि भुमि आयोग मार्फत लगत संकलन गरी जग्गा धनीपुर्जा वितरण कार्यलाई अगाडी बढाइनेछ ।

२९. सिमाना विवादका लागि अन्तर स्थानीय तहसंग समन्वय गरी सरपट नापीलाइ निरन्तरता दिइनेछ ।

३०. स्थानीय तहमा कार्यरत कर्मचारीहरुको वृत्ति विकासका लागि ऐन निर्माण गरी त्यसको आधारमा प्रक्रिया अगाडी बढाइनेछ ।

३१. कर तथा राजश्व क्षेत्रको सुधार तथा सवल बनाउन निर्माण भएको **राजश्व सुधार कार्ययोजना प्रतिवेदन २०७९** कार्यान्वयन गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अन्त्यमा यो नीति तथा कार्यक्रम अर्जुनधारा नगरपालिका विकासको मार्गचित्र र अर्जुनधारा वासीको माग र आवश्यकताको प्रतिफल हो । यसलाई तयार गर्दा मैले राजनीतिक दल, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, वुद्धिजीवि, शिक्षक, समाजसेवी, विकास साझेदार संघसंस्था

लगायत सबै क्षेत्रको सल्लाह सुझावलाई समेट्ने प्रयास गरेको छु । नीति तथा कार्यक्रमको तर्जुमामा अमुल्य सुझाव दिनुहुने एवं सहयोग गर्नुहुने सम्पुर्णमा म हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट विभिन्न कारणले थिलथिलो भएको अर्थतन्त्रमा पुर्नउत्थान हुने, रोजागारी सृजना हुने, कृषि उद्योग तथा सामाजिक विकासको माध्यमबाट सबै अर्जुनधारावासीको समुन्ती हुने तथा सामाजिक, आर्थिक, भौतिक, सांस्कृतिक लगायत सर्वाङिण पक्षको विकास भई "समृद्ध अर्जुनधारा र सुखी अर्जुनधारावासी "को हाम्रो लक्ष्य पुरा हुने अपेक्षा राखेको छु । तसर्थ नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्नका लागि सम्पुर्ण नगरसभा सदस्य ज्यूहरु, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीविहरु, समाजसेवी, उद्योगी व्यवसायी, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र सम्पुर्ण अर्जुनधारावासी जनताको साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

पेश गर्नेः उप प्रमुख श्री खड्गमाया पराजुली
पेश भएको मितिः २०७९/०४/१०
पारित भएको मितिः २०७९/०४/१६

आज्ञाले,
गीताकुमारी राई
अर्जुनधारा नगरपालिका, नगर कार्यपालकाको
कार्यालयका प्रमुख प्रशासकीय अधिकृत

अर्जुनधारा राजपत्र